**श्री कुमारी बैंक लिमिटेड**
**को**
**बीसौं बार्षिक साधारण सभाको**
**निर्णय विवरण**

श्री कुमारी बैंक लिमिटेडको बीसौं बार्षिकसाधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

**१) सभाको मिति, स्थान र समय**

मिति : २०७७ साल मंसिर महिना२९ गते सोमवार (तद्नुसार १४डिसेम्बर २०२०)
स्थान : बैंकको रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौं ।
समय : विहान ११:३० बजे ।

**२) सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७७ साल मंसिर महिना ५ गते बसेको सञ्चालक समितिको बैठकलेनिर्णय गरे बमोजिम बैंकको बीसौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७७मंसिर ७गतेको अन्नपूर्ण पोष्ट दैनिक र मिति २०७७ मंसिर महिना ११ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) बैंकको बीसौं बार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड,नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ग) बीसौं बार्षिकसाधारण सभामा आमन्त्रित भई दिनका लागि बैंकको बाह्रय लेखापरीक्षक श्री SR Pandey & Co.Maharajgunj, Kathmandu का CA Sudarshan Raj Pandeyलाई र कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु थापालाई अनुरोध गरिएको ।

**३) सभामा प्रस्तुत छलफलका विषयहरु :**

**छलफलका विषयहरुः**

**क. सामान्य प्रस्ताव**

१. बीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७७ को वासलात, आ.व. २०७६/०७७ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह

KUMARI BANK LTD. CORPORATE OFFICE

विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७६/०७७ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. आ.व.२०७७/०७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।(वर्तमान लेखापरीक्षक SR Pandey & Co.Maharajgunj, Kathmandu का CA Sudarshan Raj Pandey पुनः नियुक्ती हुन सक्नु हुनेछ) ।

५. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ३.१५% नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने वारे ।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम यस बैंकको आ.ब.२०७६/७७ को वितरण योग्यमुनाफा र पूँजीगत जगेडा कोष समेतबाट यस बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीको १०.८५% रकम बराबरको वोनस शेयर प्रदान गर्न स्वीकृति प्रदान गर्ने ।

२. बैंकको आ.ब. २०७६/७७ को मुनाफाबाट शेयरधनीहरुलाई वोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सो हदसम्म यस बैंकको जारी तथा चुक्ता पूँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

३. बैंकको पुँजी बृद्धिको क्रममा तथा प्रवन्धपत्र संशोधनको क्रममा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदि) बाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. बैंकले आ.व. २०७६/०७७मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

५. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति ( एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

KUMARI BANK LTD. CORPORATE OFFICE

४) **सभामा उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष– उपस्थित |
| २) | प्रा.डा. गणेश प्रसाद पाठक | सञ्चालक – उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक– उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक – उपस्थित |
| ५) | श्री अनुराधा चौधरी | सञ्चालक – उपस्थित |

(ख) **बैंक पदाधिकारीहरुको उपस्थिति** :

| | | |
|---|---|---|
| १) | श्री सुरेन्द्र भण्डारी | - प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अनुज मणि तिमिल्सिना | – वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३) | श्री मनिष तिमिल्सिना | - नायब प्रमुख कार्यकारी अधिकृत |
| ४) | श्री राम चन्द्र खनाल | - नायब महाप्रवन्धक |

(ग) **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) आमन्त्रित, कानुनी सल्लाहकार, लिगल एडभाईजर्स फोरम– बरिष्ठ अधिवक्ता श्री शम्भु थापा

२) आमन्त्रित, कम्पनी रजिष्ट्रार कार्यालयको प्रतिनिधि श्री दिवाकर शर्मा

(घ) **शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको शेयरधनीहरु स्वयम्को उपस्थिति६जनाको शेयर संख्या १,०२,४१,०७०रप्रोक्सी दिने ३११जनाको शेयर संख्या ४,१६,७६,३५७ शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ।

२) सर्वसाधारणसमूहको शेयरधनीहरु स्वयम्को उपस्थिति ७० जनाको शेयर संख्या १९,०४,४२६ अनलाइन मार्फत् उपस्थित शेयरधनी १२ जनाको शेयर संख्या ८,१५२ र प्रोक्सी दिने ४३३ जनाको शेयर संख्या १,२५,८१,०१८ शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ।

५) **सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिकी भएको कुल शेयर संख्या | १२,५२,००,४९४ कित्ता |
| आवश्यक न्यूनत्तम गणपुरक शेयर संख्या | ६,२६,००,२४८ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | १,२१,५३,६४८कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | ५,४२,५७,३७५ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ६,६४,११,०२३कित्ता |
| जम्मा उपस्थित शेयर प्रतिशत | ५३.०४% |



KUMARI BANK LTD. CORPORATE OFFICE